# वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** अधिकांश जनता जीविकोपार्जन र रोजगारीका लागि निर्भर रहने गरेको कृषि क्षेत्रको गार्हस्थ उत्पादनमा बागवानी क्षेत्रले महत्वपूर्ण स्थान लिए तापनि पछिल्लो तथ्याङ्क अनुसार फलफूल निर्यातको दाँजोमा आयात नै बढी गरिने परिस्थिति रहिरहेको हुँदा खाद्य पोषणमा टेवा पुऱ्याउनुका साथै भू-क्षय, प्रदुषण नियन्त्रण तथा वातावरणीय संरक्षणमा समेत मद्दत पुऱ्याउने फलफूल खेतीमा आत्मनिर्भर हुन स्याउको उत्पादन र उत्पादकत्व वृद्धिका लागी पहाडी तथा उच्च पहाडी क्षेत्रमा वृहत्तर रुपमा स्याउ विकास तथा विस्तार गर्न यस खेतीको व्यावसायीकरण गर्नु जरुरी भएको महशुस गरी प्रदेश नम्बर तीनको बजेट वक्तब्यमा वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम तर्फ रकम विनियोजन गरेकोले कृषक/ कृषक समूह/ कृषि सहकारी/ नीजि फार्महरुलाई वृहत्तर रुपमा स्याउका बिरुवाहरु हुर्काउन लगाई यसको विकास र विस्तार गर्ने उद्देश्यले कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिले प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्न छनौट भएका कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक, कृषक समूह र कृषि सहकारीहरूलाई सम्झनु पर्छ ।

(ख) **"अनुदान"** भन्नाले वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने प्राविधिक तथा आर्थिक सहयोग सम्झनु पर्छ ।

(ग) **"आपूर्तिकर्ता"** भन्नाले स्याउको बिरुवा उपलब्ध गराउने वितरक, सहकारी, फार्म र कम्पनी सम्झनु पर्छ

(घ) **"कार्यक्रम"** भन्नाले वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम सञ्चालन गर्न स्वीकृत गरिएको वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(छ) **"प्रस्ताव"** भन्नाले वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम तर्फ प्रति रोपनी सरदर १५० वोटका दरले एकल वा सामूहिक रुपमा ५ रोपनी जग्गामा स्याउको विरुवा साझेदारीमा हुर्काउने ईच्छुक कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक, कृषक समूह र कृषि सहकारीले पेश गरेको आवेदन पत्र सम्झनु पर्छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(ञ) **"प्रस्तावक"** भन्नाले आवेदन पेश गर्ने कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक, कृषक समूह र कृषि सहकारी सम्झनु पर्छ ।

(झ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ञ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ट) **"बिरुवा"** भन्नाले एम्. ९ क्लोनल रुटस्टकमा कलमी गरिएको स्याउको बिरुवा सम्झनु पर्छ ।

(ठ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महा नगरपालिका सम्झनु पर्छ ।

(ड) **"ज्ञान केन्द्र"** भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

३. <u>उद्देश्य:</u> यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) गुणस्तरीय स्याउका बिरुवा आवश्यक परिमाणमा उपलब्ध गराउने,

(ख) स्याउ खेतीको व्यावसायीकरण गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने,

(ग) स्याउको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,

(घ) रोजगारीको अवसर सिर्जना गरी कृषकहरुको जीवनस्तरमा सुधार ल्याउने,

(ङ) स्याउ प्रशोधन र बजारीकरणमा सहयोग पुऱ्याउने,

(च) खाद्य तथा पोषणमा सुधार ल्याउन फलफूलको उपभोगस्तर बढाउने,

(छ) भू-क्षय, प्रदुषण नियन्त्रण तथा वातावरण संरक्षणमा योगदान पुऱ्याउने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) स्याउको बिरुवा माग गरी पेश भएका आवेदनहरुको मूल्याङ्कन तथा आपूर्तिकर्ताको मूल्याङ्कन गरी निर्देशनालयमा छनौटको सिफारिश पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | | |
|---|---|---|
| (क) | प्रमुख वा निजले तोकेको बरिष्ठतम् अधिकृत, निर्देशनालय | संयोजक |
| (ख) | प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | वरिष्ठ बागवानी विकास अधिकृत,निर्देशनालय | सदस्य |
| (घ) | कानुन अधिकृत (सम्भव भए सम्म) | सदस्य |
| (ङ) | प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| (च) | बागवानी विकास अधिकृत, निर्देशनालय | सदस्य |
| (छ) | प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

(२) उपरोक्त समितिहरूको बैठकमा आवश्यकता अनुसार बढीमा तीन (३) जना सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन प्रकृया

**कार्यक्रम लागू हुने जिल्ला:** यो कार्यक्रम आर्थिक वर्ष २०७६/०७७ मा धादिङ्ग, रसुवा, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लामा सञ्चालन गरिनेछ भने आगामी वर्षहरुमा कार्यक्रमको संभव्यता, प्रभावकारिता तथा बजेट व्यवस्थाको आधारमा अन्य जिल्लाहरुमा समेत विस्तार गर्न सकिनेछ ।

६. **कार्यक्रम सञ्चालन:** यो कार्यक्रम निर्देशनालय/कृषि ज्ञान केन्द्रबाट सञ्चालन गरिने छ । कार्यक्रम सञ्चालनको लागी पचास प्रतिशत अनुदान सहयोगमा उन्नत जातका स्याउको बिरुवाहरु आपूर्तिकर्ता मार्फत वितरण गरिने छ ।

७. **आपूर्तिकर्ता छनौट तथा दरभाउ निर्धारण:** (१) गुणस्तरीय स्याउको बिरुवा आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताले तोकेको अवधिभित्र स्पेशिफिकेशन सहितको शिलबन्दी दरभाउपत्र पेश गर्न निर्देशनालयले राष्ट्रिय दैनिक पत्रिकामा तीस दिन म्याद राखी अनुसुची -१ बमोजिमको प्रस्ताव आह्वान गर्नेछ । यसरी दरभाउ पत्र (अंक र अक्षरमा उल्लेखित) पेश गर्ने आपूर्तिकर्ताले तोकिएका जिल्लाको सदरमुकामसम्म ढुवानी गर्नुपर्नेछ ।

(२) दफा ४ वमोजिम गठित मुल्याङ्कन समितिले आपूर्तिकर्ता छनौट गरी निर्देशनालयमा सिफारिश गर्नेछ ।

(३) निर्देशनालयले प्राप्त शिलवन्दी दरभाउ पत्रबाट स्याउको बिरुवाको दरभाउ (अधिकतम मूल्य) निर्धारण गर्नेछ ।

८. **बिरुवा माग संकलन:** प्रस्तावकहरुबाट बिरुवाको माग संकलन गर्न निर्देशनालयले राष्ट्रिय दैनिक पत्रिकामा तीस दिन म्याद राखी अनुसुची -२ बमोजिमको सूचना प्रकाशन गर्नेछ ।प्रस्तावकले तोकिएको म्याद भित्र अनुसूची -३ बमोजिम आवेदन पत्र र सो अनुसूचीमा माग गरिएका कागजातहरु, अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र निर्देशनालय वा सम्वन्धित केन्द्रमा पेश गर्नु पर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पूनः १५ दिनको सूचना प्रकाशन गरी माग संकलन गर्न सक्नेछ ।

९. **प्रस्ताव संकलन:** प्रस्ताव दर्ता समाप्त भएको मितिले ७ दिन भित्र सम्बन्धित केन्द्रले दर्ता गरिएका प्रस्तावहरु संकलन गरी निर्देशनालयमा पठाउनु पर्नेछ ।

१०. **निर्धारित मापदण्डहरु:** यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालनका लागी देहाय बमोजिमका मापदण्डहरु पुरा भएको हुनु पर्नेछः-

(क) प्रस्तावकसँग एकल वा सामूहिक रुपमा ५ रोपनी वा सो भन्दा बढी जग्गा हुनु पर्नेछ,

मा. दावा दोर्जे लामा
मन्त्री

(ख) अनुदानग्राहीलाई सरदर प्रति रोपनी १५० बोट स्याउको बिरुवा उपलब्ध गराईने छ,

(ग) आफ्नै स्वामित्वमा जग्गा भएको प्रस्तावकलाई मूल्याङ्कन समितिले प्राथमिकता दिनेछ,

(घ) सो नभए कम्तिमा १० वर्षको लागि जग्गा भाडामा लिएको सम्झौता पत्र हुनु पर्नेछ,

(ङ) प्रस्ताव दर्ता गराउँदा सम्भव भएसम्म स्थानीय तहको सिफारिस पत्र संलग्न गर्नु पर्नेछ,

(च) आपूर्तिकर्ताले उपलब्ध गराउने बिरुवाको मापदण्ड अनुसूची -५ बमोजिमको हुनु पर्नेछ,

(छ) अनुदानग्राहीले आपूर्तिकर्ताहरु मध्येबाट अनुसूची -५ बमोजिम मापदण्ड पुगेका बिरुवा खरिद गर्नु पर्नेछ ।

११. **साझेदार संस्था छनौटः** छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) मूल्याङ्कन समितिले प्रस्तावहरुको स्थलगत प्रमाणिकरण गर्नका लागि टोली गठन गर्न सक्नेछ,

(ख) अनुसूची -६ बमोजिम मूल्याङ्कन समितिले प्रस्तावहरुको मूल्याङ्कन गरी प्रस्तावकले प्राप्त गरेको प्राप्ताङ्क सहित प्रस्तावक छनौटको सिफारिश निर्देशनालयमा पेश गर्नु पर्नेछ,

(ग) प्रस्ताव आह्वानको म्याद सकिएको मितिबाट सम्भव भएसम्म ३५ दिनभित्र प्रस्तावकहरुको छनौट प्रकृया सम्पन्न भएको हुनु पर्नेछ ।

१२. **प्रस्तावकलाई जानकारीः** छनौट भएको प्रस्तावकलाई निर्णय भएको मितिले ७ दिन भित्र निर्देशनालयले जानकारी दिनु पर्नेछ ।

१३. **सम्झौताः** (१) अनुदानग्राही र आपूर्तिकर्ताले जानकारी प्राप्त गरेको १५ दिनभित्र अनुसूची -७ र अनुसूची -८ बमोजिमको ढाँचामा निर्देशनालयसँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र अनुदानग्राही सम्झौता गर्न नआएमा क्रमश दोस्रो, तेस्रोलाई नियमानुसार सम्झौता गर्न सकिने छ ।

मा. [illegible] दोर्जे लामा
मन्त्री

## परिच्छेद -४
### कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१४. प्रस्तावित अनुमानित लागत: (रकम रु.हजारमा)

| सि.नं. | क्रियाकलापहरु | निर्देशनालयबाट अनुदान सहयोग बढीमा | अनुदानग्राहीबाट स्वलगानी कम्तीमा | जम्मा कार्यक्रम बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्याउको बिरुवा वितरण | ५०% | ५०% | १००% | |
| २ | कृषक तालिम | कण्टेन्जेन्सी १% बाट | | | |
| ३ | सूचना प्रकाशन | | | | |
| ४ | कर्मचारीबाट अनुगमन भ्रमण तथा मूल्याङ्कन बैठक आदि | | | | |

१५. अनुदानग्राहीले निर्देशनालयले छनौट गरेको आपूर्तिकर्ता मध्येबाट मात्र स्याउको बिरुवा खरिद गर्नु पर्नेछ । स्याउको बिरुवा खरिद गरी रोपण कार्य सम्पन्न भएपछि कृषि ज्ञान केन्द्रले भुक्तानीको लागि निर्देशनालयलाई सिफारिस गर्नेछ र उक्त ज्ञान केन्द्रको सिफारिस, बील, फोटोको आधारमा निर्देशनालयले अनुदानग्राहीको बैंक खातामा पचास प्रतिशत वा निर्देशनालयले निर्धारण गरेको मूल्यको पचास प्रतिशत जुन रकम कम हुन आउछ सो अनुदान रकम जम्मा गरी दिनेछ ।

१६. आपूर्तिकर्ताले अनुदानग्राहीलाई गुणस्तरिय बिरुवा उपलब्ध गराउनु पर्नेछ ।

१७. अनुदानग्राहीले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/ निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

१८. सम्झौतामा उल्लेख गरेको परिमाणमा अनुदानग्राहीले स्याउको बिरुवा लैजानु पर्नेछ । बढी लगेमा सोको शतप्रतिशत भुक्तानी अनुदानग्राहीले नै चुक्ता गर्नु पर्नेछ ।

१९. सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
### अनुगमन तथा मूल्याङ्कन

२०. **अनुगमन तथा मूल्याङ्कन:** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र केन्द्रले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

(२) अनुदानग्राहीले अनुसूची -९ बमोजिमको ढाँचामा चौमासिक रुपमा प्रगति प्रतिवेदन ज्ञान केन्द्रमामा पेश गर्नु पर्नेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

(३) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी सम्बन्धित केन्द्रले निर्देशनालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद -६
## विविध

२१. <u>कारबाहीको व्यवस्था:</u> (१) सम्झौता अनुरुप काम नगर्ने अनदानग्राहीलाई अनुदान रोक्का गर्नेछ ।

(२) अनदानग्राहीले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

२२. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

२३. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -१

(दफा ७ सँग सम्बन्धित)

**स्याउको बिरुवा उपलब्ध गराउन ईच्छुक आपूर्तिकर्तालाई सिलवन्दी  दरभाउ आव्हान सम्बन्धी**

**सूचना**

प्रथम पटक प्रकाशित मितिः ....................

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडाद्वारा आ.व. ... ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक, कृषक समूह र कृषि सहकारीसँगको पचास प्रतिशत लागत साझेदारीमा वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रममा सञ्चालन हुने भएकोले स्याउको बिरुवा आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ताबाट सिलबन्दी दरभाउ आह्वानको लागि सूचना प्रकाशित गरिएको छ । प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यालय समयमा आईपुग्ने गरी आवेदन कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौडामा दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्तहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरुः**

१. संस्था, स्थायी लेखा नम्बर दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी,
२. कर चुक्ता प्रमाणको प्रतिलिपी,
३. प्रवन्ध पत्र र नियमावली,
४. निकासी/ पैठारी संकेत नं. (Exim code),
५. विगतको Plant Quarantine Import Permit प्रमाण-पत्रको प्रतिलिपी (भएमा),
६. विक्री गरेको विलको प्रतिलिपीमा कम्पनीको सहीछाप (भएमा),
७. बाह्य देशबाट बिरुवा तथा अन्य सामग्री आयात गरेको अनुभवको प्रमाणपत्रको प्रतिलिपी (भएमा),
८. संलग्न हुने प्राविधिकहरुको व्यक्तिगत विवरण तथा तालिम/अनुभवको प्रमाणपत्रको प्रतिलिपी (भएमा),
९. आपूर्तिकर्ताको नाममा रहेको बैंक तथा वित्तिय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट वा भौचर ।

पुनश्चः वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -२

(दफा ८ सँग सम्बन्धित)

## वृहत्त स्याउ विकास तथा विस्तार कार्यक्रम प्रस्ताव मागको सूचना

प्रथम पटक प्रकाशित मितिः ....................

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौडाको आ.व ......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम अन्तर्गत पचास प्रतिशत लागत साझेदारीमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा उन्नत जातको स्याउको बिरुवा व्यावसायीक रुपमा हुर्काउन.................................. जिल्लाका ईच्छुक कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक, कृषक समूह र कृषि सहकारीबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र निर्देशनालय वा सम्बन्धित कृषि ज्ञान केन्द्रमा आईपुग्ने गरी अनुसूची -३ को निवेदन तथा सो अनुसूचीमा माग गरेको कागजातहरु निर्देशनालय वा सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता गर्नु हुन अनुरोध छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पुनश्चः** वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -३

(दफा ८ सँग सम्बन्धित)

## वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रममा प्रस्तावकले पेश गर्ने आवेदन

श्रीमान् प्रमुख ज्यू, मिति

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।

विषयः अनुदान सहयोग सम्बन्धमा ।

महोदय,

म/ हाम्रो कृषि फार्म, कृषि कम्पनी, कृषक समूह, कृषि सहकारीबाट.. ... ... ... .... ... जिल्लाको ... ... ... ... ... गा.पा./ न.पा. को वडा नं. ... ... ... स्थानमा वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम अन्तर्गत पचास प्रतिशत रकम मैरै/ हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी उक्त स्याउको विरुवा लगाउन ईच्छुक रहेकोले सो कार्यक्रममा सहभागी हुन तपसिल बमोजिमका कागजातहरू राखी निवेदन पेश गरेको छु/ गरेका छौं । साथै हाई डेन्सीटी स्याउको बिरुवा तपसिल अनुसार आवश्यकता भएको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिलः

| क्र.सं. | स्याउको जात | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| | जम्मा | |

संलग्न गरिएका कागजातहरुः

१. रु. १०।- को टिकट टाँसेको अनुसूची-३ अनुसारको आवेदन,
२. अनुसूची -४ बमोजिमको प्रतिबद्धता पत्र,
३. जग्गाको क्षेत्रफल सहितको जग्गा धनी लालपुर्जा/ जग्गा भाडामा लिएकोले कम्तिमा १० वर्षको लागि दुई पक्ष विच गरिएको सम्झौता पत्र,
४. कृषकको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपी,
५. संस्थाको निर्णयको प्रतिलिपी,
६. संस्थाको दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी,
७. सहकारी/कम्पनी/ फार्मको हकमा PAN no. र कर चुक्ता को प्रमाण पत्रको प्रतिलिपी,
८. आवेदन पेश गर्नु पूर्व आवेदक संस्थाले जिम्मेवारी तोकेको व्यक्तिलाई अख्तियारी दिईएको पत्र र नीजको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी,
९. प्रस्तावित जमिनमा सडक, पानी तथा विजुली रहे नरहेको बारे स्थानिय तहको सिफारिश पत्र,
१०. बैंक तथा वित्तीय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट वा भौचर वा बैंकको लगानी गर्ने Letter of intent,
११. आवेदक वा संस्थाका अध्यक्ष वा सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता ।



मा. दावा दोर्जे लामा

मन्त्री

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**जिम्मेवार पदाधिकारीको**

हस्ताक्षर र मितिः

नामथरः

पदः

संस्थाको छापः

मन्त्री

## अनुसूची –४
(दफा ८ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

...........................को मिति............................को सूचना अनुसार वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आनुदानग्राहीको तर्फबाट**

नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.:
दस्तखतः
मितिः
छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मा. दावा दोर्जे लामा
मन्त्री

## अनुसूची -५

(दफा १० सँग सम्बन्धित)

**आपूर्तिकर्ताले उपलब्ध गराउने स्याउको बिरुवाको मापदण्ड**

१. कम्तिमा ५ फिट उचाईको बिरुवा हुनु पर्छ,
२. प्रशस्त मात्रामा स्वस्थ जराहरु हुनु पर्छ,
३. नेता हाँगाहरु सोझा र प्रभावशाली हुनु पर्छ,
४. नेता हाँगालाई प्रभाव (**dominant**) पार्ने खालका अन्य हाँगाहरु हुनु हुँदैन,
५. १२ देखि २५ से.मी. लामो ६ देखि १० वटासम्म फल्ने (**feather**) हाँगाहरु हुनु पर्छ,
६. फल्ने हाँगाहरु (**feather**) जमिनको सतह देखि ६० से.मी.भन्दा माथी हुनु पर्छ,
७. फल्ने हाँगाहरु (**feather**) नेता हाँगाहरुको चारै तिरबाट नियमित अवधी (**regular interval**)मा आएको र **wide angled** हुनु पर्छ,
८. कुनैपनि क्वारान्टाईनयुक्त रोगकिरा नभएको आधिकारिक फाईटोस्यानेटरी प्रमाणपत्र (**phyto sanitary certificate**) संलग्न भएको हुन पर्छ,
९. बिरुवालाई कतै चोटपटक नलागेको र **feather** हाँगाहरु नभाँचिएको हुनु पर्दछ,
१०. नेपालको मनाङ्ग, मुस्ताङ्ग, हुम्ला, जुम्ला, कालीकोट, मुगु, डोल्पा र सोलुखुम्बुमा निम्नानुसारका एम्. ९ क्लोनल रुटस्टकमा कलमी गरिएको निम्नानुसारका जातहरु व्यवसायीक रुपमा लगाइएको पाईएता पनि निम्न उल्लेखित जात वा कृषकले रोजेको जात लगाउन सक्ने छन् :
    - १०.१ रुटस्टकः M9 T337
    - १०.२ गाला मेमा (Gala Mema)
    - १०.३ गोल्डेन डेलिसियस मेमा (Golden delicious mema)
    - १०.४ फुजी किकु फुब्रेक्स (Fuji kiku Fubrax)
    - १०.५ किङ्ग रोट रेड डेलिसियस (King Roat Red Delicious)
    - १०.६ कृषकले रोजेको अन्य जातहरु

मा. दावा दोर्जे लामा

अनुसूची -६

(दफा ११ सँग सम्बन्धित)

<u>आवेदक छनौट गर्न मूल्याङ्कनका आधारहरु</u>

| क.स. | सूचक | अंक | कैफियत |
|---|---|---|---|
| १ | **संरचना निर्माण तथा स्याउ खेतीको लागि उपयुक्तता** | १० | प्रमाण पेश गर्नु पर्ने र स्थानीय निकायको सिफारिस |
| क | सडक, सिचाइको श्रोत, बिजुलीको सुविधा उपलब्ध भएको | १० | |
| ख | बिजुली र सडकको सुविधा तत्काल नभएको तर हुन सक्ने | ५ | |
| २ | **प्रस्तावित स्याउ खेती गरिने जग्गाको क्षेत्रफल** | ३५ | |
| क | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल भन्दा १०० प्रतिशत वा सो भन्दा बढी | ३५ | |
| ख | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल भन्दा ५० प्रतिशत देखि ९९ प्रतिशत सम्म | ३० | |
| ग | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल बराबर वा न्यूनतम क्षेत्रफल भन्दा ४९ प्रतिशत सम्म | २५ | |
| ३ | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | १० | बैंक तथा बित्तिय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट वा भौचर । |
| क | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | १० | |
| ख | लागत अंश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | ७ | |
| ग | व्यहोर्नु पर्ने लागत तथा प्राविधिक क्षमता नदेखिएको | ५ | |
| ४ | **आवेदकको प्राविधिक क्षमताको अवस्था** | १५ | प्रमाणपत्र पेश गर्नुपर्ने । |
| क | स्नातक (संचालक/शेयर होल्डर ) | १५ | |
| ख | डिप्लोमा / आइ.एस्सी.एजी / जे.टी / जे.टी.ए/ कम्तिमा २ बर्ष अनुभब | १० | |
| ग | अपर्याप्त प्राविधिक ज्ञान | ५ | |
| ५ | **जमिनको अवस्था** | ३० | लालपूर्जा वा करारनामा पेश गर्नु पर्नेछ । |
| क | आफ्नै नाममा भएको | ३० | |
| ख | सञ्चालकको नाममा भएको | २५ | |
| ग | करारमा लिएको | २० | |
| | **कूल जम्मा** | १०० | |

**नोटः** कम्तीमा ५०% अंङ्क ल्याउने मात्र छनौट हुनेछन्, allocation भएको बजेट भन्दा बढी माग आए निर्देशनालयले आधार तयार गरि छनौट गर्नेछ।

## अनुसूची -७

### (दफा १३ सँग सम्बन्धित)

### निर्देशनालय र अनुदानग्राही बीच भएको द्विपक्षिय सम्झौता

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडाबाट आ.व. ... ... ... ... ... मा सञ्चालन गरिने वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम सञ्चालन अन्तर्गत पचास प्रतिशत अनुदान प्राप्त गरी कार्यक्रम सहभागि हुन ईच्छुक कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक, कृषक समूह र कृषि सहकारीबाट आवेदन पेश भई प्राप्त आवेदनहरुको निर्देशनालयबाट मूल्याङ्कन गर्दा मिति ... ... ... ... ... को निर्णयले तपाईको आवेदन छनौट गरिएकोले जम्मा लागत रु. ... ... ... ... ... ... (अक्षरेपी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... मात्र) मध्ये अनुदान रकम रु. ... ... ... ... ... ... ... ... (अक्षरेपी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... मात्र) हुने गरी कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा (यस पछी प्रथम पक्ष भनिने), र तपाई श्री ... ... ... ... ... ... ... , कृषि फार्म/कृषि कम्पनी/कृषि उद्यमी/कृषक/कृषक समूह र कृषि सहकारी ... ... ... ... ... ... ... ... ... ... (यस पछी दोश्रो पक्ष भनिने) बीच एम्. ९ रुटस्टकमा कलमी भएको स्याउ बिरुवा जम्मा ... ... ... ... बोट हुर्काउने कार्यक्रम सञ्चालन गर्न तपसिल अनुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

**शर्तहरुः**

१. यो सम्झौता पत्र वृहत्तरर स्याउ विकास तथा विस्तार कार्यक्रम सञ्चालन गर्ने कार्यको लागि प्रयोग हुनेछ ।

२. सम्झौता गर्ने दुबै पक्षले हस्ताक्षर गरेको मितिबाट यो सम्झौता प्रारम्भ हुनेछ ।

३. दोश्रो पक्षले एम्. ९ रुटस्टकमा कलमी भएको स्याउ बिरुवा जम्मा ... ... ... ... बोट हुर्काउनु पर्नेछ ।

४. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र शुरु गर्नु पर्नेछ ।

५. यो कार्यक्रममा सहभागी भई पचास प्रतिशत अनुदान प्राप्त गर्न दोश्रो पक्षले कम्तीमा ५ रोपनी क्षेत्रफलको जग्गा स्याउको बिरुवा लगाउन उपलब्ध गराउनु पर्नेछ ।

६. प्रथम पक्षले स्थलगत आफैं वा कृषि ज्ञान केन्द्र मार्फत निरीक्षण गरी बिरुवा लगाएको एकीन भएपछि प्राप्त बील भर्पाई, कार्य सम्पन्न प्रतिवेदन र फोटो को आधारमा पचास प्रतिशत रकम दोश्रो पक्षलाई भुक्तानी दिनेछ । सम्झौता बमोजिमको अनुदान रकम बैंक तथा वित्तिय संस्था मार्फत उपलब्ध गराइने छ । यसरी स्याउको बिरुवा लगाउदा अनुसूची -५ बमोजिमको मापदण्ड पुरा भएका स्याउको बिरुवाको हकमा मात्र भुक्तानी दिईने छ ।

७. दोश्रो पक्षलाई अन्तिम किस्ता वा एकैचोटी किस्ता भुक्तानी गर्ने अवस्थामा कार्य सम्पन्न भएको अन्तिम बील भर्पाईको साथमा प्राविधिकबाट मूल्याङ्कन गराई कार्य सम्पन्न प्रतिवेदन, फोटोको आधारमा प्रथम पक्षले रकम उपलब्ध गराउने छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

८. पहिलो पक्षले वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम सम्बन्धी आवश्यक प्राविधिक सेवा सल्लाह दोश्रो पक्षलाई प्रदान गर्नेछ । तर आवश्यकता अनुसार अन्य व्यक्ति वा संघ संस्थाबाट समेत प्राविधिक सेवा सल्लाह लिन दोश्रो पक्षले सक्नेछ ।

९. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ ।

१०. पहिलो पक्षले नियमित रुपमा कार्यक्रमको अनुगमन गर्नेछ ।

११. यो सम्झौता अनुसार तोकिएको अवधिमा कार्य सम्पन्न गर्नु पर्नेछ, नगरेमा पहिलो पक्षले दोश्रो पक्षलाई भुक्तानी दिन बाध्य हुने छैन ।

१२. दोश्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको वा अनुदान रकमको दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

१३. यस सम्झौतामा उल्लेख भएसम्मको ब्यहोरा यसै सम्झौता अनुसार हुने र उल्लेख हुन छुट भएका अन्य व्यहोराको हकमा आपसी सहमती बमोजिम हुनेछ ।

१४. प्रथम पक्ष र दोश्रो पक्ष विच कुनै कुरा बाझिन गएमा प्रचलित कानून बमोजिम हुनेछ ।

| **दोश्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| नाम, थर : | नाम, थर : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कृषक समूह/ सहकारी/ संस्थाकोः | निर्देशनालयको नामः कृषि विकास निर्देशनालय |
| नाम, ठेगानाः | ठेगानाः प्रदेश नं. ३, हेटौंडा । |
| छापः | छापः |

| **रहोवरः** | **रहोवरः** |
|---|---|
| नाम, थर : | नाम, थर : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कृषक समूह/ सहकारी/ संस्थाकोः | निर्देशनालयको नामः कृषि विकास निर्देशनालय |
| नाम, ठेगानाः | ठेगानाः प्रदेश नं. ३, हेटौंडा । |
| छापः | छापः |

**नोटः** निर्देशनालयले अनुदानग्राहीसँग गर्ने सम्झौता कृषि ज्ञान केन्द्र मार्फत गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -८

(दफा १३ सँग सम्बन्धित)

**निर्देशनालय र आपूर्तार्कर्ता वीच भएको द्विपक्षिय सम्झौता**

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडाबाट आ.व. ... ... ... ... ... मा सञ्चालन गरिने वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रमलाई आवश्यक पर्ने तपसिलको परिमाणमा स्याउको बिरुवा उपलब्ध गराउन कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा (यस पछी प्रथम पक्ष भनिने), र आपूर्ताकर्ता ... ... ... ... ... ... ... ...(यस पछी दोश्रो पक्ष भनिने) का बीच एम्. ९ रुटस्टकमा कलमी भएको स्याउ बिरुवा कृषकको माग अनुसार उपलब्ध गराउन तपसिल अनुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

**शर्तहरुः**

१. यो सम्झौता पत्र वृहत्तरर स्याउ विकास तथा विस्तार कार्यक्रम सञ्चालन गर्ने कार्यको लागि प्रयोग हुनेछ ।

२. सम्झौता गर्ने दुबै पक्षले हस्ताक्षर गरेको मितिबाट यो सम्झौता प्रारम्भ हुनेछ ।

३. दोश्रो पक्षले एम्. ९ रुटस्टकमा कलमी भएको कृषकको माग अनुसारका जातका स्याउको बिरुवा प्रथम पक्षले तोकेको अनुदानग्राहीलाई उपलब्ध गराउनु पर्नेछ ।

४. आपूर्ताकर्ताहरुले अनुसूची -५ मा उल्लेख भएका मापदण्ड अनुसारका बिरुवाहरु मात्र उपलब्ध गराउनु पर्नेछ । तोकिएको मापदण्ड पुरा नभएमा बिरुवा उपलब्ध गराएमा निर्देशनालयले आपूर्ताकर्तालाई प्रचलित कानून बमोजिम कारवाही गर्नेछ।

५. प्रथम पक्षले दोश्रो पक्ष आपूर्ताकर्ता भएको जानकारी सम्बन्धित ज्ञान केन्द्र र संभव भएसम्म कृषकहरुलाई गराउने छ ।

६. यस सम्झौतामा उल्लेख भएसम्मको व्यहोरा यसै सम्झौता अनुसार हुने र उल्लेख हुन छुट भएका अन्य व्यहोराको हकमा आपसी सहमती बमोजिम हुनेछ ।

७. प्रथम पक्ष र दोश्रो पक्ष विच कुनै कुरा बाझिन गएमा प्रचलित कानून बमोजिम हुनेछ ।

| **दोश्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| नाम, थर : | नाम, थर : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| आपूर्ताकर्ताकोः | निर्देशनालयको नामः कृषि विकास निर्देशनालय |
| नाम, ठेगानाः | ठेगानाः प्रदेश नं. ३, हेटौंडा । |
| छापः | छापः |

| **रोहवरः** | **रोहवरः** |
|---|---|
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| दस्तखत | दस्तखत |

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -९
(दफा २० सँग सम्बन्धित)
<u>प्रगति प्रतिवेदनको ढाँचा</u>

कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन गर्ने निकायको नामः

कार्यक्रम सञ्चालन अवधिः

| क.स. | कार्यक्रमको नाम | अनुदान रकम | लक्ष्य(इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/चौमासिक/अर्धवार्षिक/वार्षिक/अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |

<u>कार्यक्रम प्रमुख</u>
दस्तखतः
नामः
पदः

मा. दावा दोर्जे लामा
मन्त्री